# अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०४।२६ गते।

## प्रेस विज्ञप्ति

### विषय: <u>आरोपपत्र दायर गरिएको।</u>

जिल्ला इलाम, चुलाचुली गाउँपालिकामा कार्यरत इन्जिनियर (छैठौं) डिल्ली राज खड्काले पुलको रिडिजाइन स्वीकृत गराइदिएको तथा ठेक्काको भुक्तानी प्रकृयामा सहजीकरण गरिदिने प्रयोजनको लागि दुःख हैरानी दिई सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल र आयोगको कार्यालय, इटहरीबाट संयुक्त रूपमा खटिई गएको टोलीले निज इन्जिनियर डिल्ली राज खड्कालाई सेवाग्राहीबाट रू.६,००,०००।–(छ लाख रूपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला इलाम, चुलाचुली गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियर (छैठौं) डिल्ली राज खड्का र लेखा अधिकृत (आठौं) मिलन कुमार भट्टराईको आपसी मिलेमतो तथा योजनामा पुलको डिजाइन, रिडिजाइन, थर्ड पार्टी भेरिफिकेसन तथा भुक्तानी प्रक्रिया सम्बन्धी काम सम्पन्न गर्न, ठेक्का सम्बन्धी कार्य सम्पन्न भएबमोजिम पेस गरेको बिल रकम भुक्तानी गरेगराए बापत आफूहरूले महत्वपूर्ण भूमिका खेली सहजीकरण गरे गराएको भनी सेवाग्राहीसँग घुस/रिसवत बापत रू.६००,०००।—(छ लाख रूपैयाँ) माग गरी लिएको स्थापित भएकोले निजहरू डिल्ली राज खड्का र मिलन कुमार भट्टराईको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजहरूलाई बिगो रू.६००,०००।-(छ लाख रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने